## कार्यपालिकाको वैठकका प्रस्तावहरु तथा निर्णयहरु

मिति: २०७७/१०/१५

वैठक संख्या: ५३

प्रस्तावहरु

१. घरजग्गा बहालकर संकलन विधेयक - २०७७
२. आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक २०७७
३. कार्यक्रम सञ्चालन मापदण्ड २०७७
४. राजश्वका दररेट पारित सम्वन्धमा
५. बजेट संशोधन सम्वन्धमा
६. कर्मचारीलाइ उपलव्ध गराउने सुविधा सम्वन्धमा
७. कोभिड १९ कारण वन्दावन्दी भएको समयको भाडा छुट सम्वन्धमा
८. आठौं नगरसभा सम्वन्धमा
९. विविध।
   क) समिति गठनः अव्यवस्थित वसोवासी सम्वन्धि सहजीकरण समिति र स्थानीय स्तर सेनेटरी प्याड व्यवस्थापन समिति
   ख) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति कार्यविधि/ऐन
   ग) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा।
   घ) सडकवोर्ड कार्यक्रमवाट प्राप्त रकम सम्वन्धमा।
   ङ) शोक प्रस्ताव सम्वन्धमा।

**निर्णय नं १**

नगरकार्यपालिकाको कार्यालयवाट तयार गरी विधायन समितिमा छलफल भइ पारितको यस वैठमा पेश भएका तपशिल बमोजिमका कानूनहरु स्थानीय सरकार सञ्चालन २०७४ ऐन को दफा १०२ को उपदफा २ बमोजिम पारितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

१ घरजग्गा बहालकर संकलन विधेयक - २०७७
२ आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक - २०७७
३ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन विधेयक - २०७७

**निर्णय नं २**

नगरकार्यपालिकाको कार्यालयवाट तयार गरी विधायन समितिमा छलफल भइ पारितको यस वैठमा पेश भएको कार्यक्रम सञ्चालन मापदण्ड २०७७ स्थानीय सरकार सञ्चालन २०७४ ऐन को दफा १०२ को उपदफा २ बमोजिम पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

सातौं नगरसभावाट राजश्व दररेट पारित हुँदा छुट हुन गएका तथा थप नयाँ राजश्वका दररेट पारित गरी लागु पर्ने भएकोले पारितको लागि आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

सातौं नगरसभावाट पारित भएका योजना तथा कार्यक्रमहरुमा विनियोजित भएको बजेटलाइ संशोधन गरी केही नयाँ योजनाहरुको प्रस्ताव सहित नगरकार्यपालिकाको कार्यालयवाट प्राप्त योजना संशोधन र बजेटको विवरणलाइ पारित गर्न आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो।

र्णय नं ५

कार्यपालिकाको कार्यालयमा विभिन्न शाखमा कार्यरत शाखा प्रमुखले पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरु सञ्चार सम्पर्क तथा समन्वय गर्नको लागि शाखा प्रमुखहरुलाइ २०७७ माघ महिनादेखि मासिक रु.५००। सञ्चार खर्च लब्ध गराउने साथै सवै वडा कार्यालय पशुसेवा शाखा र नगरपालिकामा डिजीटल हाजिरीको व्यवस्था गरी अतिरिक्त काम गर्ने चारीलाइ कार्यविधि तयार गरी प्रोत्साहन भत्ता उपलव्ध गराउने व्यावस्था मिलाउन कार्यापालिकाको कार्यालयलाइ निर्देशन गर्ने निर्णय गरियो ।

र्णय नं ६

भिड १९ का कारण देशमा वन्दावन्दी भएको अवस्थामा यस नगरपालिका क्षेत्रभित्रका व्यापार व्यवसायहरु पनि २०७६ चैत्र देखी २०७७ आषाढ मसान्तसम्म वन्द भएकोमा नगरपालिकाले निर्माण गरी भाडामा लगाएका स्थानहरुमा भाडामा वस्ने वसायीहरुले उक्त अवधिको भाडा रकम छुट माग दावी गरिरहेका छन् । यस भन्दा अगाडी सातौं नगर सभाले एक महिनाको डा छुट दिइसकेको र व्यवसायीहरुको मर्कालाइ मध्यनजर गर्दै थप दुइ महिनाको भाडा रकम छुट दिने निर्णयका लागि रसभामा पेश गर्ने निर्णय गरियो ।

र्णय नं ७

नगरपालिकाको आठौं नगरसभा सञ्चालन तथा व्यवस्थापनका लागि हालसम्म भएका कार्य प्रगितको समीक्षा गर्दै नगर भालाइ सुव्यवस्थित तथा प्रभावकारी ढंगले सञ्चालन गर्ने निर्णय गरियो ।

र्णय नं ८

मिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको स्थानीय तहवाट लगत संकलन कार्यविधि २०७७ को दफा ३ मोजिम भूमिहीन दलित, भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवासीको स्थानीय तहवाट लगत संकलन प्रमाणीकरण तथा र नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न नगरस्तरीय भूमि सम्वन्धि समस्या समाधान सहजीकरण समिति गठन गर्ने र सो मितिमा पदेन सदस्य वाहेकका कार्यापालिकाले मनोनित गर्नुपर्ने र संयोजकले मनोनित गर्नुपर्ने सदस्यहरुमध्ये निम्न सदस्यहरु नोनयन गर्ने निर्णय गरियो ।

क. दलित महिला सदस्य श्री उमादेवी वस्याल

ख. महिला सदस्य श्री तिलकुमारी रेग्मी

ग. भूमि आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था संगठन वा नागरिक समाजका प्रतिनिधि मध्येवाट श्री यादवराज शर्मा वडा नं १ र श्री सरस्वती गोदानर वडा नं ३

र्णय नं ९

मिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको स्थानीय तहवाट लगत संकलन कार्यविधि २०७७ को दफा ३ को उप दफा २ बमोजिम स्थलगत रुपमा तथ्यांक संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाइ आवस्यक सहयोग पुर्याउन वडास्तरीय भूमि सम्वन्धि समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

र्णय नं १०

नेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को नियम १४ को ख र ग मा भएको व्यवस्था बमोजिम स्थानीय तह स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा कार्यपालिकाको महिला सदस्यहरु मध्ये कार्यापालिका सदस्य श्री मती परियार र विद्यालय सम्पर्क व्यक्तीहरु मध्येवाट श्री श्रवण मावि पुवनपा १४ को शिक्षक श्री शान्ता शर्मा तिवारी र श्री रस्वती मावि पुवनपा ३ का शिक्षक श्री सुनिता अर्याललाइ तोक्ने निर्णय गरियो ।

**निर्णय नं ११**

राष्ट्रपती शैक्षिक सुधार कार्यक्रमका लागि रितपुर्वक परेका तपशिलका विभिन्न विद्यालयहरुवाट परियोजना प्रस्तावनाहरुलाइ आवश्यक कार्यार्थको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र शैक्षिक अनुसन्धान तथा गुणस्तर शाखामा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र. सं. | जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री कालिका मा.वि.- १३ | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन | २४५०००० | |
| २ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री सरस्वती मा.वि. ,-३ | भौतिक पुर्वाधार विकास र पुनसंरचना | २५४८१९१/४८ | |
| ३ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री मातृभुमि मा.वि., १३ | भौतिक पुर्वाधार विकास र पुनसंरचना | २५००००० | |
| ४ | स्याङ्जा | पुतलीबजार नगरपालिका | पुण्यशिला आ.वि. ,-३ | भौतिक पुर्वाधार विकास र पुनसंरचना | २५००००० | |
| ५ | स्याङ्जा | पुतलीबजार नगरपालिका | चक्रकमला आधारभुत विद्यालय -१० | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन | २४५००००। | |
| ६ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री युगज्योति आ. वि. -४ | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन | ५२५००० | |
| ७ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री सरस्वती मा.वि. नागडाँडा, -४ | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन | २५१०००० | |
| ८ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री जनजागृती चण्डीकालिका आ.वि.-१४ | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन | ९००००० | |
| ९ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री हिमालय माध्यमिक विद्यालय,-६ | भौतिक पुर्वाधार विकास र पुनसंरचना | २५००००० | |
| | | | | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन | ६६५००० | |
| | | | | ICT व्यवस्थापन | १२००००० | |
| १० | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री शितला मा.वि., -५ | भौतिक पुर्वाधार विकास र पुनसंरचना | २५००००० | बेरुजू रहेको |
| ११ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री काजिमान हरिटिका मा.वि. -३ | खेलकुद मैदन विस्तार तथा कम्पाउण्ड वाल निर्माण | २७५०००० | बेरुजू रहेको |
| १२ | स्याङ्जा | पुतलीबजार नगरपालिका | श्री जनता मा.वि. ,- ७ | भौतिक पुर्वाधार विकास र पुनसंरचना | २५००२२९/९२ | बेरुजू रहेको |